# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल मंसिर महिना ४ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय सिद्धिचरणबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| **१) ऋणीको विवरण** |
|---|
| हर्क बहादुर बिश्वकर्माको छोरी राम कृष्ण बिश्वकर्माको बुहारी पृथि बहादुर बिश्वकर्माको पत्नी ओखलढुंगा जिल्ला रात्तमाटे वडा नं. ९ हाल, सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **लोकमाया बिश्वकर्मा** (ना.प्र.नं. : २३७२/२३९५ जारी मिति र जिल्ला : २०४५/०२/०५, ओखलढुंगा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) लक्ष्मी नारायण कामीको छोरी हर्क बहादुर तामाङ बिश्वकर्माको बुहारी एका बहादुर बिश्वकर्माको पत्नी ओखलढुंगा जिल्ला ओखलढुंगा वडा नं. २ हाल, सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **लक्ष्मी बिश्वकर्मा** (ना.प्र.नं. : १३१०१४/६२ जारी मिति र जिल्ला : २०६४/०५/०३, ओखलढुंगा) |
| २) इन्द्र विर बिश्वकर्माको नाति रामकृष्ण बिश्वकर्माको छोरा ओखलढुंगा जिल्ला रात्तमाटे वडा नं. ९ हाल, सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **पृथि बहादुर बिश्वकर्मा** (ना.प्र.नं. : १४२८ जारी मिति र जिल्ला : २०५८/०९/०२, ओखलढुंगा) |

| **२) ऋणीको विवरण** |
|---|
| धन बहादुर बिश्वकर्माको छोरी सेते गजमेरको बुहारी केशर गजमेरको पत्नी ओखलढुंगा जिल्ला रुम्जटार वडा नं. ६ हाल, सिद्धिचरण न.पा. वडा नं. ४ बस्ने **रिमु बिश्वकर्मा** (ना.प्र.नं. : १३३००७/९५ जारी मिति र जिल्ला : २०६३/१०/११, ओखलढुंगा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| धन बहादुर गजमेरको नाति सेते गजमेरको छोरा ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. १३ हाल, वडा नं. ४ बस्ने **केशर गजमेर** (ना.प्र.नं. : २/२८८/९६०६/४६९ जारी मिति र जिल्ला : २०५२/११/०२, ओखलढुंगा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ